दिप्रुङ चुइचुम्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
याङ्सीलाटार, खोटाङ
कोशी प्रदेश, नेपाल

प.सं २०८०/८१
सूचना नं. ०३

मिति: २०८०/०४/०३

"व्यावसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन"

# कृषक समूह र कृषि पशुपन्छी फर्म दर्ता तथा नवीकरण सम्वन्धी सूचना।

(प्रथम पटक प्रकाशित मिति:२०८०/०४/०३)

प्रस्तुत विषयमा यस दिप्रुङ चुइचुम्मा गाउँ कार्यपालिकाको कार्यालयले कृषि तथा पशु विकास कार्यक्रमहरु संचालन गर्दा आवेदन दिने कृषक समूह तथा कृषि फर्महरुले अनिवार्य रुपमा गाउँपालिकामा दर्ता तथा नवीकरण गरेको हुनु पर्ने कृषि विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ बमोजिम सम्पूर्ण कृषकहरुले कृषक समूह तथा कृषि फर्महरुलाई मिति २०८०/०४/०४ देखि मिति २०८० श्रावण मसान्त सम्म तपशिल बमोजिम आवश्यक कागजात सहित दिप्रुङ चुइचुम्मा गाउँ कार्यपालिकाको कार्यालयको कृषि तथा पशु विकास शाखामा कृषक समूह र कृषि तथा पशुपन्छी फर्मको दर्ता तथा नवीकरण गर्न गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

**१. कृषक समूह दर्ता तथा नवीकरण:**

- समूहको स्पष्ट जानकारी सहितको निवेदन,
- समूहको बैठकको निर्णयको प्रतिलिपि र कृषक समूहको विधानको फोटोकपि १ प्रति,
- समूहको वार्षिक कार्ययोजना र आय व्यय प्रतिवेदन,
- समूहको सम्पूर्ण सदस्यहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- कृषकहरुको जग्गाको धनिपुर्जाको प्रतिलिपि र कृषक समूहको छाप,
- वडा कार्यालयको सिफारिस,
- कृषक समूहको प्रमाणपत्र प्रतिलिपि र नवीकरण प्रमाणपत्र (नवीकरण गर्नेको हकमा) तथा अन्य आवश्यक कागजातहरु।

**२.कृषि तथा पशुपन्छी फर्म दर्ता तथा नवीकरण:**

- फर्मको स्पष्ट जानकारी सहितको निवेदन,
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म संचालन जग्गाको चारकिल्ला प्रमाणित,
- फर्म स्थापना हुने जग्गाको धनिपूर्जाको प्रतिलिपि, (जग्गा आफ्नो नभएमा भाडामा लिने मन्जुरीनामा)
- फर्मको वार्षिक कार्यायोजना र पासपोर्ट साइजको फोटो २ प्रति,
- वडा कार्यालयको सिफारिस र फर्मको प्रमाणपत्र, नवीकरण प्रमाण पत्र (नवीकरण गर्नेको हकमा)
- अन्य आवश्यक कागजातहरु।

**थप जानकारीको लागि:**

कृषि तथा पशु विकास शाखा प्रमुख: एल्वी मगर - ९८६०४१४५२३

पिएस्पी चाम्लिङ राई
नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत